DAILY NEWSLETTER

As of FEB 25, 2026

सर्वगुण Investor's Club

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

Nepal Stock Exchange लगातार हरियो, तर भोल्युम अझै कमजोर

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक लगातार हरियो क्यान्डलसहित बन्द भएको छ। आज नेप्से १० अंकले वृद्धि हुँदै ४ अर्ब रुपैयाँभन्दा बढीको कारोबारसहित २६४८ अंकमा बन्द भएको हो। बजारमा सुधार देखिए पनि कारोबार भोल्युम भने अझै सशक्त रूपमा बजारलाई समर्थन गर्ने अवस्थामा पुगेको छैन।

आजको कारोबारको पहिलो आधा समयमा नेप्से परिसूचक २६५३ अंकसम्म पुगेको थियो। त्यसपछि बजारमा केही बिक्री दबाब देखिँदा सूचक घटेर २६४० अंकसम्म झरेको थियो।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Below छ ।
MACD	नेप्सेमा हाल MACD मा Selling (Weak) देखिएको छ ।
RSI	RSI 46 पुगेको देखिन्छ ।

Support	2580
Resistance	2680

तर अन्तिम कारोबार घण्टामा पुनः खरिद चाप बढेसँगै बजारले सकारात्मक गति लिँदै अन्ततः २६४८ अंकमा बन्द हुन सफल भयो।

यद्यपि बजार लगातार बढिरहेको देखिए पनि कारोबार रकम (भोल्युम) अपेक्षाकृत कमजोर रहेको विश्लेषकहरू बताउँछन्। दिगो रूपमा बजारले माथिल्लो दिशा समात्न तथा नयाँ प्रवेशको स्पष्ट संकेत दिनका लागि बलियो भोल्युमको साथ आवश्यक रहने देखिन्छ।

समग्रमा बजारको प्रवृत्ति सकारात्मक देखिए पनि आगामी दिनमा भोल्युमको साथमा सूचकको गति कस्तो रहन्छ भन्ने कुरा नै बजारको आगामी दिशा निर्धारण गर्ने मुख्य आधार बन्नेछ।

9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment